मङ्गलसैन नगरपालिका, नगरकार्यपालिका २०८२ फागुन २९ गते बसेको बैठकका निर्णयहरु:

| क्र.सं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|
| १ | सातौं कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा एंव सबै वडा अध्यक्षज्यूहरुबाट विविध बिषयमा रिपोर्टङ्ग भयो। |
| २ | उपभोक्ता समितबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रमको सम्झौता चैत्र २५ गते भित्र गरिसक्ने म्याद पश्चात कुनै पनि योजना तथा कार्यक्रमको सम्झौता नगर्ने । |
| ३ | **संमृद्धको मार्गमा मंगलसेन** भन्ने आदर्श वाक्य सहित मिति २०८२ पौष ७ गते जारी १५ दिने सूचना अनुसार प्राप्त भएका आवेदनहरु श्री दिलिप कुमार केसि म.न.पा. ४, श्री बिरेन्द्र बहादुर बोहरा म.न.पा. ५, श्री पहल बहादुर साउँद रामारोशन गा.पा. ६ मध्ये प्रस्तुतिकरण तथा मुल्यांकनको आधारमा श्री पहल सावँद (रामारोशन गा.पा.-४) द्वारा निर्मित लोगो स्वीकृत गर्ने। |
| ४ | ईन्जिनियर श्री खम्मबहादुर केंसिलाई स्वदेश स्थित विश्वविधालयमा स्नातकोत्तर (M.Sc. in Structural Engineering) अध्ययनका लागि निजामति सेवा ऐन, २०४९ र नियमावलि, २०५० को नियम ६१ को उपनियम ४ बमोजिम अध्ययन विदा स्वीकृतिको लागि सिफारिश गरि पठाउने । |
| ५ | वडा नं ३ को कार्यालयमा रिक्तक कार्यालय सहयोगि पदमा नगर कार्यपालिकाको कार्यालय भान्छे पदमा कार्यरत श्री पुरन साँवदलाई पदस्थापना गर्ने। |
| ६ | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ को परिच्छेद ६दफा १८(३) बोजिम महङ्गि भत्ता तथा स्वास्थ्य तर्फ सशर्त अनुदान अन्तरगत्का क्रियाकलापहरु संचालन सम्वन्धि मार्गदर्शन, विधालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम (बजेट बाँडफाँड) मा स्थानीय तहले विधालय नर्सहरुलाई पोसाक र चाडवाड खर्च नगरपालिकाबाट दिने । |
| ७ | नगरपालिकाबाट मिति २०८२/९/२४ गते भन्दा अघि विभिन्न मितिमा कार्यालयबाट खरिद प्रक्रियामा कार्य भएका फायलहरुको सम्वन्धित शाखा, आन्तरिक लेखापरिक्षण शाखा, अनुगमन समितिको संयोजकको रोहवर तथा अनुगमन सहित लेखा समितिको सिफारिश बमोजिम कार्यसम्पन्न सुनिश्चतता गरि भुक्तानि गर्ने। |
| ८ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०८२ को दफा ११ बमोजिम नगरपालिकामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यन्वयन समिति गठन गरियो।<br>श्री पदम बहादुर बोहरा, नगर प्रमुख — अध्यक्ष<br>श्री खकेन्द्र बहादुर सोडारी, प्रमुख प्रशासकीय अधिकृत — सदस्य<br>श्री विर्खबहादुर बोगटी, सामाजिक बिकास समिति संयोजक — सदस्य<br>श्री शिवबहादुर सोडारी, आर्थिक बिकास समिति संयोजक — सदस्य |

| | |
|---|---|
| | श्री भुमिनन्द ढुंगाना, समाजिक विकास शाखा प्रमुख — सदस्य<br>श्री वितिय संस्था शाखा अछाम प्रमुख — सदस्य<br>श्री उधोग वाणिज्य संघ अछाम — सदस्य<br>श्री कृष्णबहादुर सोडारी, रोजगार संयोजक — स-सचिव |
| ९ | स्थानीय शासन कार्यसम्पादन मूल्यङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई अभिमुखिकरण गरियो । |
| १० | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तरगत कागती खेति रहेकोमा सुन्तला खेतिको समेत प्रवल संभावना रहेकोले कागति खेतिलाई घटाएर ५ हेक्टर कायम गरि चालु आ.व.मा सुन्तला खेति कार्यक्रम थप गरि ५ हेक्टर क्षेत्रफल कायम गरिदिनहुन आयोजना कार्यान्वयन एकाईलाई अनुरोध गर्ने । |
| ११ | गंगा मा.वि. र पार्वति मा.वि मा १/१ जना गरि २ जना विधालय नर्स र लैंगिक विभेदमा आधारि हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरण अन्तरगत रिक्त १ जना मामला व्यवस्थापकको भर्ना प्रक्रिया अगाडि बढाउने । |
| १२ | यस कार्यालयमा कार्यरत कर्मचारी श्री उर्मिला जिसि क.स.न. २३७६३४ लाई हाजिरि प्रमाणितको आधारमा निजलाई २०८२/०६/१३-२०८२/०८/२८ सम्मको तलवभत्ता निकासा गर्ने । |
| १३ | मिति २०८२ चैत्र १२ गते चैत्र शुक्ल अष्टमिका दिन वडा नं १० स्थित जुपुखौला मेला लाग्ने भएकोले चैत्र १२ गते नगरपालिका र नगरपालिका अन्तरगतका सम्पुर्ण कार्यालयहरुमा १ दिन स्थानीय सार्वजनिक विदा दिने । |
| १४ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०७९ को प्रभावकारी कार्यान्वयन गर्न लैंगिक समानता तथा सामाजिक समावेशिकरण बृहत कार्ययोजना २०८२ स्वीकृत गरियो । |
| १५ | नेपाल सरकार नेपाल राजपत्र भाग ४ मिति २०७३/११/२७ मा प्रकाशित सूचनामा मंगलसेन नाम कायम भएकोले नगरपालिकाबाट जारी हुने कागजातमा एकरुपता कायम गर्न नेपालीमा "**मंगलसेन**" र अंग्रेजीमा "**Mangalsen**" नै प्रचलनमा ल्याउने । |
| १६ | वडा नं ४ स्थित तपशिलको योजना संशोधन गरियो । |

| योजनाको नाम/ठेगाना | विनियोजित रकम | संशोधन पश्चात कायम शिर्षक | कैफियत |
|---|---|---|---|
| ढल्ले खा.पा. मर्मत वडा नं ४ | रु १००,००० | ढल्ले कालिका मन्दिर घेरापर्खाल | |